





PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ चैत १० गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 March 24 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०५


# बलथर ग्राम पञ्चायतमा प्रहरीको डरले गाउँसुनसान

## १८ सयजनामाथि मुद्दा चलाउने प्रहरीको तयारी

राधेश्याम पटेल, परवानीपुर, ९ चैत/

भारत, बिहार राज्यको पश्चिमी चम्पारणको बलथर ग्राम पञ्चायत अहिले सुनसान बनेको छ। पर्साको छिपहरमाई गाउँपालिकाको सीमावर्ती ग्राम पञ्चायतमा गत शनिवार होलीको दिन भएको स्थानीय र प्रहरीबीचको हिंसाका कारण गाउँ सुनसान बनेको छ।




तस्वीरः प्रतीक



बलथर थानाका सुरक्षाकर्मीको कुटपिटबाट बलथर ग्राम पञ्चायत वडा नं ६ आर्यानगरका ३५ वर्षीय अनिरुद्ध यादवको थाना परिसरमैं मृत्यु भएपछि उक्त गाउँमा हिंसा भडेको थियो। पछि थाना घेराउ गर्न पुगेका गाउँलेको समूहले आक्रमण गर्दा बलथर थाना मातहतको प्रसुतीपुर थानाका हवलदार बिहार, लखिसराय जिल्ला निवासी ५० वर्षीय रामजतन सिंहको घटनास्थलमैं गम्भीर घाइते भई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र सिकटामा लैजाँदा चिकित्सकले मृत्यु भएको घोषणा गरेको थियो। प्रहरीको मृत्युपछि प्रहरी र गाउँलेबीच तनाव बढेर थप हिंसा भडेको थियो।

गत शनिवार आर्यानगरमा गाउँलेले होली मनाइरहेको बेला अनिरुद्धले डिजे बजाएर होहल्ला गरेको भन्दै थानामा स्थानीयले गुनासो गरेपछि बलथर थानाका सुरक्षाकर्मीले यादवलाई हिरासतमा लिएर बाँसको लट्ठीले टाउकोमा प्रहार गर्दा उनको थाना परिसरमैं मृत्यु भएको मृतकका भाइ कन्हैया यादवले बताए।

"दिउँसो २ बजे प्रहरीले पक्रेर लगेको थियो, अढाई बजे हामीलाई थाहा भयो कि प्रहरीको कुटाइबाट दाइको मृत्यु भयो," उनले भने, "त्यसपछि होली जस्तो चाडमा पनि प्रहरीको दमनविरुद्ध सबै गाउँले थाना घेराउ गर्न पुगेका थिए।" पश्चिमी चम्पारण (बेतिया)का एसपीलाई बोलाउन र क्षतिपूर्तिको माग गर्दै थानाअगाडि नै अनिरुद्धको शव राखेर गाउँले धर्नामा बसे। अपराह्न ३ बजेपछि गाउँलेले थानामा ढुङ्गामुढा तथा तोडफोड शुरू गरेका थिए। गाउँलेले थानाका आधा दर्जनभन्दा बढी गाडी जलाएर नष्ट पारेको प्रहरीको दाबी छ भने गाउँलेका अनुसार आगजनी गाउँलेले नगरी प्रहरीले नै गरेको थियो। बलथर थानाका थाना प्रभारी सबइन्स्पेक्टर अजयकुमार चौधरीका अनुसार करीब एक हजार गाउँलेले ४० जना सुरक्षाकर्मी रहेको थाना घेरेर सुरक्षाकर्मीमाथि आक्रमण गरेका थिए। "गाउँलेले थानाको दोस्रो तलाको झ्यालको टपमा लागेको मौरीको घारमा पनि ढुङ्गा प्रहार गरी भागदौड मचाएर आक्रमण गरी क्षति पुऱ्याए," उनले भने, "बलथर थानामा गार्डमा खटेका हवलदारको टाउको ताछिएर मारिएको छ, गोली प्रहार गरी मारिएको हो कि कोदालो वा धारिलो हतियारले टाउकोमा हानेको हो, फरेन्सिक ल्याब मुजफ्फरपुरको टोलीले जाँच गरिरहेको छ।

शनिवार नै राति प्रहरीले थाना वरपरबाट ठूलो परिमाणमा सुरक्षाकर्मी परिचालन गरी दुवै शव नियन्त्रणमा लिएर शल्यपरीक्षणको लागि बेतिया पठाएको थियो। शल्यपरीक्षणपछि शवहरूको अन्त्येष्टि गरिएको छ। घटनाको भोलिपल्ट अर्थात् आइतवारदेखि सुरक्षाकर्मीले गाउँलेलाई धरपकड गर्न शुरू गरेपछि गाउँलेमा त्रास मचेको छ।

छवटा वडा रहेको बलथर ग्राम पञ्चायतमा करीब १४ हजार जनसङ्ख्या रहेको छ भने करीब एक हजार २०० घरधुरी छ। तर अहिले प्रहरीले गाउँलेलाई दङ्गा भड्काएको, प्रहरी हवलदारलाई मारेको तथा थानामा आक्रमण गरेको मुद्दामा छुट्टाछुट्टै धारा लगाएर करीब एक हजार ८०० भन्दा बढी गाउँलेमाथि मुद्दा चलाएको छ।

गत शनिवार र आइतवार दिनभरि गाउँलेमाथि सुरक्षाकर्मीले लट्ठी चार्ज गरी अवस्था साम्य बनाउने प्रयत्न गरेको थियो। जसमा दर्जनौं गाउँले तथा महिला निर्घात कुटपिट गरिएपछि घाइते भएका छन्।

मृतक यादवकी पत्नी सुशीला देवीलाई समेत कम्मरमा कुटपिट गरी घाइते बनाइएको छ। गाउँमा अहिले वृद्धवृद्धा, बालबालिका तथा महिलाहरू मात्र छन्। अधिकांश पुरुष नजीकको गाउँमा आफन्तजन तथा नेपालमा समेत भागेर शरण लिएका छन्। प्रहरीले हालसम्म एकजना महिला, एकजना नाबालक गरी १४ जनालाई पक्राउ गरी बेतिया जेल चलान गरिसकेको छ भने अन्यको खोजी कार्य जारी राखेको छ।

बलथरमा अहिले करीब पाँच सय सुरक्षाकर्मी परिचालन गरी हाई अलर्टमा सुरक्षा प्रबन्ध मिलाइएको छ। बलथर ग्रामवासीका अनुसार प्रहरीले झूटो मुद्दा बनाएर सयौं निर्दोषलाई फसाउन खोजेको आरोप गाउँलेले लगाएका छन्। गाउँलेले दोषीमाथि मुद्दा चलाउनुपर्ने, निर्दोषलाई न्याय दिनुपर्ने र गाउँमा पुनर्स्थापन गराउनुपर्ने राज्य र केन्द्र सरकारसँग माग गरेको स्थानीय वृद्ध दरोगा तुरहाले बताए।



मृतक यादवका परिवारजन र सुनसान बलथर ग्राम पञ्चायत। तस्वीरः राधेश्याम पटेल

# जीराभवानीमा एमाले-काङ्ग्रेसबीच प्रतिस्पर्धाको सम्भावना

ओमप्रकाश चौधरी, सेढवा, ९ चैत/

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पर्साको जीराभवानी गाउँपालिकामा नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच प्रतिस्पर्धा हुने प्रारम्भिक अनुमान गरिएको छ। गत स्थानीय निर्वाचनमा भने नेकपा एमालेले बहुमत ल्याएको थियो तर यसपटक भने नेकासँग प्रतिस्पर्धा हुने अनुमान गरिंदैछ।



रामप्रित महतो अनोज चौधरी अर्जुन चौधरी

उमेशकुमार सिंह उषादेवी थरूनी दारासिंहराउत थारू

पालिका अध्यक्षका लागि नेकपा एमालेबाट वर्तमान अध्यक्ष रामप्रीत महतोको दाबेदारी यथावत् छ। नेपाली काङ्ग्रेसबाट भने गत वर्षका प्रत्याशी स्व महादेवप्रसाद महतोका जेठा छोरा अनोज चौधरीको नाम चर्चामा छ। चौधरी फर्मामा स्नातकोत्तर गरी राजनीतिमा प्रवेश गरेका हुन्। उनी सन् २०२२ को वीरगंज जेसीसका उपाध्यक्ष पनि हुन्।

नेपाली काङ्ग्रेसबाटै अध्यक्षमा चौधरीका काकाका छोरा अर्जुन चौधरीको नाम पनि चर्चामा छ। त्यस्तै, नेकपा एमालेबाट वर्तमान उपाध्यक्ष उषादेवी थरुनी पुनः सोही पद दोहोऱ्याउने चर्चा छ। नेकाबाट भने उपाध्यक्षमा रेखा चौधरी, सरिता चौधरी र प्रतिमा खवासको नाम चर्चामा छ। गत स्थानीय चुनावमा रेखा चौधरी लडेकी थिइन्।

यसैगरी, वडाध्यक्षमा नेकाबाट वर्तमान वडा नं १ का अध्यक्ष शेख नुमान आजमले दोहोऱ्याउने सम्भावना बढी छ। यो वडामा एमालेका रामशरण खवासको चर्चा बढी छ गत निर्वाचनमा खवास सात मतअन्तरले पराजित भएका थिए। वडा नं २ मा एमालेबाट गत निर्वाचनमा महादेव महतो थारू निर्वाचित भएका थिए। यो वडाबाट यसपटक नेकाबाट मोहनलाल चौधरी र ब्रह्मानन्द चौधरीको नाम चर्चामा छ। मोहनलाल गत निर्वाचनमा पराजित भएका थिए।

वडा नं ३ को अध्यक्षमा एमालेबाट उमेशकुमार सिंहको नाम चर्चामा छ। उनी गत निर्वाचनमा फोरमबाट निर्वाचित भएका थिए भने यो निर्वाचनमा एमालेबाट लड्ने चर्चा छ। यो वडामा नेकाबाट गत निर्वाचनमा पराजित सुरजराय थारूकै चर्चा छ।

वडा नं ४ मा एमालेबाट सुभाष राउत थारू र नेकाबाट राजेश्वर दास थारूको नाम चर्चामा छ। वडा नं ५ मा नेकाबाट दारासिंह राउत थारूको नाम चर्चामा छ। उनी गत स्थानीय निर्वाचनमा राप्रपाबाट निर्वाचित भएका थिए। एमालेबाट शिवजनम गौरो गत निर्वाचनमा पराजित भएका थिए। वडाध्यक्षमा यसपटक यो वडाबाट अहिलेसम्म थारूबाहेकको नाममा चर्चा चलिसकेको छैन।

# पर्साको कुल जनसङ्ख्या छ लाख ४७ हजार

## महिलाको तुलनामा पुरुषको सङ्ख्या बढी

प्रस, वीरगंज, ९ चैत/

राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतीजा अनुसार पर्सामा कुल जनसङ्ख्या छ लाख ४७ हजार ३१९ रहेको जिल्ला जनगणना कार्यालय, वीरगंजले जनाएको छ।

यसैगरी, यो जिल्लामा महिलाको तुलनामा पुरुष बढी छन्। जनगणना कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार पर्सामा पुरुषको सङ्ख्या तीन लाख ३३ हजार २७४ छ भने महिला तीन लाख १४ हजार ३१९ जना छन्।

अघिल्लो जनगणना-२०६८ को तुलनामा २०७८ को गणनामा पर्साको जनसङ्ख्यामा ७.७ प्रतिशतले वृद्धि भएको छ। दश वर्षमा ४६ हजार ३०२ जना थपिएको कार्यालय प्रमुख केशव ज्ञवालीले बताए। उनले २०६८ को गणनामा पर्साको जनसङ्ख्या छ लाख एक हजार १७ जना रहेको बताए।

पर्साका १४ वटा स्थानीय तहमध्ये सबैभन्दा कम जनसङ्ख्या ठोरी गाउँपालिकामा १७ हजार ४९४ छ भने सबैभन्दा बढी जनसङ्ख्या वीरगंज महानगरपालिकामा दुई लाख ६८ हजार २७३ छ।

प्रारम्भिक नतीजा अनुसार पर्साका स्थानीय तहमध्ये वीरगंज महानगरमा ३६ हजार ६९७ घरधुरीमा ४७ हजार २१८ परिवार सङ्ख्या रहेको र यहाँ पुरुष एक लाख ३९ हजार ८४९ तथा महिला एक लाख २८ हजार ४२४ गरी दुई लाख ६८ हजार २७३ जना छन्। महानगरमा भने महिलाको तुलना पुरुषको जनसङ्ख्या बढी छ।




तस्वीरः प्रतीक

बहुदरमाई नगरपालिकामा पाँच हजार ७२१ घरधुरीमा सात हजार ५८ परिवार सङ्ख्या रहेकामा पुरुष २२ हजार एक तथा महिला २० हजार ९७९ गरी ४३ हजार ७० जनसङ्ख्या छ।

पोखरिया नगरपालिकामा पाँच हजार ५०४ घरधुरीमा छ हजार ६१४ परिवार सङ्ख्यामा २० हजार २८५ पुरुष र १८

(बाँकी अन्तिम पातामा)

# प्रतीककर्मी कर्णलाई मातृशोक

प्रस, वीरगंज, ९ चैत/

प्रतीककर्मी नितेश कर्णलाई मातृशोक परेको छ।

कर्णकी ४८ वर्षीया आमा सुनीतादेवी कर्णाको बुधवार बिहान ४ बजे सर्लाहीस्थित घरमा निधन भएको हो।

लामो समयदेखि क्यान्सर रोगबाट पीडित सुनीतादेवी कर्णलाई भरतपुरस्थित क्यान्सर अस्पतालले चैत ७ गते उपचार हुन नसक्ने भन्दै घर फिर्ता गरेको थियो।



सोही क्रममा आज बिहान निधन भएको हो। उनको पहिले पाठेघरमा क्यान्सर देखिएको थियो भने पछि हड्डी र फोक्सोमा पनि क्यान्सर देखिएको थियो। मृतक सुनीतादेवी कर्णको आजै दिउँसो सर्लाहीस्थित गैरबजारमा अन्तिम संस्कार गरिएको हो।

## विचारसार एवं सूक्तिहरू

**भीडमा हराउनुको साटो एकान्तमा हराउनु राम्रो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# म्यादी प्रहरी

**सरकारले स्थानीय निर्वाचन सम्पन्न गर्नका लागि म्यादी प्रहरीको माग गरेपछि अहिले देशभर भर्ना हुनका लागि मानिसहरूको ठूलो भीड लागेको छ । म्यादी प्रहरीका लागि आवेदन दिनेहरूको भीडलाई हेर्दा देशमा बेराजगारी स्पष्ट हुन्छ । गृह मन्त्रालयले चुनावसम्मका लागि ४० दिन अवधिभर काम गर्न एक लाखजना म्यादी प्रहरी माग गरेको छ । अहिले ७७ वटै जिल्लाका प्रहरी कार्यालयहरू म्यादी प्रहरी भर्नामा व्यस्त छन् । बहालवाला सुरक्षाकर्मीहरूबाट आगामी २०७९ वैशाख ३० गते हुने स्थानीय चुनाव धान्न सकिने अवस्था नभएपछि म्यादी प्रहरी भर्ना गर्न लागिएको हो । म्यादी प्रहरी अर्थात् निश्चित म्यादसम्मका लागि मात्र उनीहरू बहाल हुने हुन् र सो म्यादपछि उनीहरू स्वतः हट्नेछन् । अहिले म्यादी प्रहरी ४० दिनका लागि माग गरिएको छ र यो अवधिमा उनीहरूलाई मासिक २६ हजार ६८० का दरले कुल ३० हजार २४० दिइन्छ । यस अतिरिक्त यो अवधिमा खाद्यान्नबापत सात हजार दुई सय र पोशाकलगायतका सामानका लागि रु छ हजार अनि तोकिएको स्थानमा आवतजावतका लागि रु एक हजार दिइन्छ । म्यादी प्रहरीका लागि सरकारले बीमा पनि गरिदिएको छ र चुनावको बेला कुनै अप्रिय घटनाको शिकार भएमा उनीहरूलाई बीमाबाट भुक्तानी गरिन्छ ।**

**विगतका चुनावहरूमा कतै हिंसा भएर म्यादी प्रहरी मरेका, घाइते भएका घटनाले सरकारले बीमाको व्यवस्था गरेको हो । सरकारले म्यादी प्रहरीमा भर्नाका लागि प्राथमिकता पनि तोकेको छ । सुरक्षा निकायहरू प्रहरी, सशस्त्र र सेनामा २०७८ साउन १ गतेदेखि विभिन्न पदमा भर्नाका लागि आवेदन दिएर शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएकाहरूलाई सोको प्रतिलिपि बुझाएको खण्डमा प्राथमिकता दिइनेछ । यसैगरी, सुरक्षाका तीन तहमा निवृत्तिभरण वा उपदान प्राप्त पूर्वसुरक्षाकर्मीहरू, विदेशी मित्रराष्ट्रको सुरक्षा निकायमा कार्य गरी सेवानिवृत्त र विगतका निर्वाचनहरूमा म्यादी प्रहरी भएर सन्तोषजनक काम गरेकाहरूलाई अहिलेको म्यादी प्रहरी भर्नामा प्राथमिकता दिइएको छ । यसो गर्नुको कारण पुराना अनुभवीहरूलाई भर्ना गरेर निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गर्ने सरकारको मनसाय हो । सरकारले म्यादी प्रहरीका लागि कुनै पनि फौज्दारी मुद्दामा कसूरवार नदेखिएको र कुनै पनि राजनीतिक दलको सदस्य नभएको शर्त राखेको छ । यसरी राखिएका शर्तको मापन गर्ने र त्यसभित्र परेकाहरूलाई सेवामा नराख्ने संयन्त्र भने सरकारसँग रहेको पाइँदैन ।**

**पर्सा जिल्लाको उदाहरण लिने हो भने यहाँ म्यादी प्रहरीमा भर्नाका लागि राजनीतिक दलहरूबाट भनसुन भएको छ । कतिपयले म्यादी प्रहरीमा भर्ना हुन दान दक्षिणा पनि दिएको कुरा चुनावपछि उजागर गर्लान् । यो जिल्लाको लागि यस्ता घटना नौलो पक्कै होइन । अनि म्यादी प्रहरी हुनुको तुजुक पनि चुनाव अवधिमा देखाउन पाइने भनेर कतिपय भर्ना हुन चाहन्छन् भने कतिपय राजनीतिक दलले आफ्ना मानिसहरूलाई यो सेवामा भर्ना गराएर चुनावमा फाइदा उठाउने सोच पनि राखेका छन् । बेरोजगार र सेवा प्रदान गर्ने उद्देश्यले भर्ना भएकाहरूलाई शङ्का गर्नुभएन । सरकारले सुरक्षा अवस्था काबुबाहिर हुन नपाओस् भनेर म्यादी प्रहरी भर्ना गरेको हो । जसको प्रतिफल चुनावहरूमा देखिएका पनि छन् । तर केही स्वार्थीहरू भर्ना भएर यो सेवालाई पनि बदनाम गर्ने काम गरिरहेका छन् । अहिले म्यादी प्रहरी भर्नामा यस कुरालाई पनि दृष्टिगत गरेमा उद्देश्यपरक काम हुने थियो ।**

# समाजमा व्याप्त क्षयरोग कसरी निवारण गर्ने ?

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**प्रहरीमाथि आक्रमण गर्ने, दुर्व्यवहार गर्ने सामाजिक क्षयरोगलाई मुख्यगरी चेतनाको उज्यालोले हटाउन सकिन्छ। यसको लागि प्रहरीले सचेतना त फैलाउनुपर्छ नै। साथै बौद्धिक वर्गले प्रहरीप्रति सकारात्मक भाव प्रवाह गर्दा समाजमा अझ राम्रो प्रभाव पर्न सक्छ।**

एक स्थानीय राजनीतिकर्मीले बीच सडकमा एकजना ट्राफिक प्रहरीमाथि हातपात गरेको घटना गुपचुप सेलायो।

केही महीना पहिले एकजना प्रहरीको हाड भाँचिने गरी कुटाइ भएको घटना सार्वजनिक भएको थियो।

हालै एकजना महिला प्रहरीको मृत्यु भएको छ, आक्रमणबाटै।

यी तीन दृश्य सभ्य समाजको लागि सुहाउँदो कुरो होइन।

प्रहरी कसको लागि खटेको हुन्छ ? उत्तर कसैले दिइरहनुपर्दैन। सबैले बुझेकै छौं।

पछिल्लो समय प्रहरीमाथि हातपात र दुर्व्यवहारका घटनाहरू बढेका हुन् कि जस्तो लाग्न थालेको छ। समाजको सुरक्षाको लागि दिन र रात, घाम र पानी, जाडो र गर्मी, प्राकृतिक विपद् र मानवीय सङ्कट केही नभनी निरन्तर कर्तव्यपथमा डटिरहने प्रहरीमाथि समाजमा अमानवीय व्यवहार किन भइरहेको होला ?

पहिलेका मानिस भन्दथे–जहाँ सङ्कट हुन्छ, त्यहाँ भगवानलाई सम्झनुपर्छ र आजभोलिका मानिस भन्दछन्–जहाँ सङ्कट हुन्छ, त्यहा प्रहरीलाई सम्झनुपर्दछ।

प्रहरीले जुनसुकै अवस्थामा सहयोग गर्दछ भन्ने सामान्य मान्यता विकसित भइसकेको छ। कसैको व्यक्तिगत समस्या होओस् वा कसैले असुरक्षा महसूस गरोस्, प्रहरीलाई सम्झेपछि धेरै हदसम्म मनोवैज्ञानिक ढाडस मिल्दछ। मनोविज्ञान नै विकसित हुन्छ–मैले प्रहरीलाई भनेको छु र मैले सुरक्षा पाएको छु, पाइरहेको छु। मेरो सुरक्षा प्रहरीले गरिरहेको छ।

र, यहींनेर सभ्य मानवले विचार गर्नुपर्ने पक्ष के हो भने सबैको सुरक्षा गरिरहेको प्रहरीको मनोबल गिराउने काम जब कतैबाट वा कसैबाट हुन्छ भने सुरक्षामा खटिरहने तथा सुरक्षामा डटिरहने प्रहरीको मनोबल गिर्दा घुमाउरो पाराले समाजमा अराजकतालाई बढावा दिन खोजेको ठहरिंदैन ? समाजमा अराजकताको चाहना कसैले गर्छ ? समाज अराजक भयो भने कसलाई फाइदा हुन्छ ? के सभ्य समाजले अराजकताको कामना वा कल्पना गर्न सक्छ ?

आफ्नो निजी स्वार्थको लागि, आफ्नो गल्ती वा कमजोरीलाई बलको घमण्डले छोपेर, लुकाएर प्रहरीमाथि जाइ लाग्नु प्रवृत्ति सामाजिक क्षयरोग हो। समाजको सुरक्षामा कमजोरी ल्याई प्रहरीको मनोबल गिराउने प्रवृत्ति सामाजिक क्षयरोग हो। नियम र कानूनको पालना गराउनेमाथि नकारात्मक दृष्टिकोण राखेर व्यवहार गर्नु सामाजिक क्षयरोग हो। प्रहरीमाथि नकारात्मक दृष्टिकोण राख्नु पनि दृष्टिकोणगत क्षयरोग हो। प्रहरीलाई बैरी ठान्नु मनोवैज्ञानिक क्षयरोग हो। जसरी क्षयरोग लागेको व्यक्ति भित्रभित्रै कमजोर बन्दै जान्छ, त्यसरी नै जनताको सेवामा खटेको प्रहरीमाथि यसरी नकारात्मक सोचेर, व्यवहार गरेर समाजलाई कमजोर बनाइरहेको हुन्छ।

सबैले बुझेका छन्, प्रहरी प्रशासन कमजोर हुनुहुँदैन। प्रहरी प्रशासन कमजोर भयो भने समाज जङ्गली युगतिर धकेलिन बेर लाग्दैन। जसको लाठी उसको भैंसीको युग शुरू हुन्छ। समाजमा बाहुबलीहरूको बोलबाला बढ्न थाल्छ र कमजोरहरूले न्याय पाउने वातावरण खलबलिन्छ। अहिलेको अवस्थामा प्रहरी विश्वासको यस्तो धरातल हो जहाँ सुरक्षाको अपार विश्वासको महल निर्माण भएको छ। कर्तव्य पथबाट विचलित नभई सबै किसिमको परिस्थितिमा पनि सेवा गरिरहने प्रहरीको मनोबल बढाउन र बढाइरहन जरूरी छ। साँच्ची प्रहरीलाई सर्वसाधारणले सम्मान गरेको कमै देखिन्छ। प्रहरीले अरू सर्वसाधारणले जस्तै सामाजिक सञ्जाल वा सार्वजनिक स्थानमा कसैको पक्ष वा विपक्षमा कमै बोलेको पाइन्छ। हामीले बुझेका छौं, प्रहरी पनि हामीजस्तै मानिस हुन्। प्रहरीका पनि आफन्त, परिवार, नातागोता र व्यक्तिगत सुख तथा सुविधा हुन्छ तर यी सबैलाई दोस्रो प्राथमिकतामा राखेर पहिलो प्राथमिकता नागरिकको सुरक्षा नै हुन्छ। हाम्रो सुरक्षा नै जसको पहिलो कर्तव्य हो, त्यस्तामाथि नकारात्मक वा उल्टो सोचाइ राखेर व्यवहार प्रदर्शन गर्नु कदापि उचित होइन।

प्रहरीमाथि दुर्व्यवहार गर्नेहरूले पनि प्रहरीको आवश्यकता महसुस गरेकै हुनुपर्छ। विगतमा प्रहरीको सहयोग लिएकै हुनुपर्छ। र आउँदा दिनमा पनि समय पर्दा, काम पर्दा प्रहरीको सहयोगको अपेक्षा गरेकै हुनुपर्छ।

आफूले जे गरे पनि ठीक र आफूलाई बेठीक लागेको कुरो मात्रै बेठीक भन्ने सोचाइ राख्ने हो ? वा भनेजस्तै प्रहरीले गरिदिए हुन्थ्यो भन्ने सोचाइ राख्ने हो ?

आफू गल्ती गर्ने अनि प्रहरीमाथि दोष थोपर्ने प्रवृत्ति हामीमा हावी छ। आफ्नो गल्ती नदेख्ने र आवेशमा आएर वा आक्रोशमा परेर प्रहरीमाथि रिस पोख्ने प्रवृत्तिले सबैभन्दा बढी घाटा समाजलाई नै हुन्छ। आजको दिनमा प्रहरीले गर्नुपर्ने कामको दायरा वा क्षेत्र धेरै विस्तार भएको छ। यस अवस्थामा प्रहरीलाई सहयोग गर्नुको साटो प्रहरीमाथि जाइ लाग्ने परिघटनाहरू सार्वजनिक हुनु वा सुन्नमा आउनु सभ्य समाजको लागि कलङ्क हुनुपर्छ। के समाजको यस्तो धरातलमा हामीले आफूलाई सभ्य र शिक्षित वा असल नागरिक भन्न सुहाउँछ ?

यसको अर्को पाटो पनि छ। प्रहरीमाथि दुर्व्यवहार गर्ने कुरो थाहा पाएर पनि विरोध नगरी सहेर बस्ने प्रवृत्ति पनि नराम्रो हो। के कतै कुनै घटनाले दुःखी छु भन्दैमा कतै कुनै दुर्घटना हुँदा त्यहाँ प्रहरी पुग्न छाड्छ ? हो, कुनै पनि मूल्यमा प्रहरीले आफ्नो कर्तव्य बिर्सँदैन भने हामीले पनि मानवता बिर्सनुहुँदैन।

अझ फिल्डमा खटेका प्रहरी त आदेशको पालना गरिरहेका हुन्छन्। आदेशको पालना गर्ने क्रममा प्रहरी कर्मचारी धेरै सजग हुन्छन्। कतै केही भइ नहालोस् भनेर निरन्तर सचेत रहन्छन्। कतैबाट कुनै सूचना आउनासाथ त्यसतर्फ दौडिहाल्न हरदम तयार भएर बसेका हुन्छन्। कहिलेकाहीं त एकपछि अर्को ठाउँमा कुदिरहनुपर्ने हुन्छ। एक ठाउँमा एउटा किसिमको डिउटी सकेर आएको प्रहरी अर्को ठाउँमा अर्को किसिमको डिउटीमा जानुपर्छ। कहिलेकाहीं ज्यादै कम समय आराम गर्न पाएका हुन्छन् र निरन्तर खटिरहनुपर्ने अवस्था आउँछ। निरन्तर खटिरहनुपर्ने प्रहरीले भोक, निद्रा र थकाइ पनि अरूका सामु व्यक्त गर्ने अवस्था हुन्न। यसरी कर्तव्यमा लागिरहँदा समाजले प्रोत्साहन दिनुपर्ने हो तर उल्टै नकारात्मक व्यवहार प्रदर्शन गर्नु सर्वथा अन्याय हो।

प्रहरीमाथि आक्रमण गर्ने वा प्रहरीलाई दुर्व्यवहार गर्ने सामाजिक क्षयरोगलाई मुख्यगरी चेतनाको उज्यालोले हटाउन सकिन्छ। यसको लागि प्रहरीले सचेतना त फैलाउनुपर्छ नै। साथै बौद्धिक वर्गले प्रहरीप्रति सकारात्मक भाव प्रवाह गर्दा समाजमा अझ सकारात्मक प्रभाव पर्न सक्छ। प्रहरीप्रति कुनै नकारात्मक मनोविज्ञान भएका मानिस छन् भने तिनका गुनासाको सम्बोधन पनि सभ्य तरीकाले गर्न सकिने वातावरण हुनुपर्छ। गुनासाहरूको सम्बोधनको बाटो पनि शिक्षित समुदायले सभ्य किसिमले निकाल्न सक्छ। शिक्षित समुदायले सामाजिक क्षयरोगको निवारणको लागि बौद्धिक अभियान थाल्नु आवश्यक भइसकेको छ। यो अहिलेको समयको माग पनि हो। अहिले जब चुनाव नजीक आइरहेको छ तब समाजमा अमनचयन कायम गर्न र सामाजिक व्यवस्थालाई भरपर्दो बनाइरहन बौद्धिक समुदायले सकारात्मक पहल गर्नु औचित्यपूर्ण देखिन्छ।

# मधेस प्रदेश सरकारले ठोरीलाई पर्यटक क्षेत्र घोषणा गर्ने

प्रस, पंचगावाँ, ९ चैत/

मधेस प्रदेश सरकारले ठोरी गाउँपालिकामा चैत ११ गते शुक्रवार





तस्वीरः प्रतीक

मन्त्रिपरिषदको बैठक गरी सो क्षेत्रलाई पर्यटकीय क्षेत्र र चैत १२ गते भाठाधाम (दूधेश्वेरनाथ) मन्दिर अवलोकन गरी धार्मिक पर्यटकीयस्थल घोषणा गर्ने तयारी गरेको जनता समाजवादी पार्टी नेपाल मधेस प्रदेश समिति सदस्य एवं मुख्यमन्त्री लालबाबू राउत गद्दीका स्वकीय सचिव दीपक यादवले जानकारी गराए। स्वदेशी

(बाँकी अन्तिम पातामा(



तस्वीरः प्रतीक

## उम्मेदवारको खर्च नै नहुने उपाय

पाठक/पत्र प्रतिक्रिया

८ गते प्रतीकको सम्पादकीयलगायत लेख र टिप्पणी पनि स्थानीय निर्वाचनले भरिएको छ किनभने इलेक्सन इज नोकिङ द डोर। सबैको गुनासो एउटै देखियो : निर्वाचन धेरै महँगो भयो र उम्मेदवार इमानदार भएनन्। गुनासो यो पनि छ कि यसमा मतदाता पनि दोषी छ। भनिएकै छ यथा राजा तथा प्रजा। राजा अथवा नेता जस्तो हुन्छ, जनता पनि त्यस्तै हुन्छ। राजेन्द्रप्रसाद कोइरालाले त परोक्षरूपमा राजतन्त्रको समर्थन गरेका छन् किनभने उनले प्रजातन्त्रमा खोट मात्र देखेका छन्। कुरा ठीक हो तर उनले भनेजस्तो चौबीस कैरेटको उम्मेदवार पाए पो ! त्यो पाउने कसरी ? त्यसको एउटै उपाय छ : चुनावी खर्च कम गर्ने वा उम्मेदवारको खर्च नै नहुने। यो कसरी प्राप्त हुन्छ ? अर्को पृष्ठको टिप्पणीमा यसको उपाय त छ तर सन्तुष्ट हुने खालको छैन। चुनाव आयोगले गरेको निर्धारण केवल कागजी हो, व्यावहारिक होइन।

मेरो विचारमा उम्मेदवारको खर्च नै नहुने एउटा उपाय छ। सम्पूर्ण उम्मेदवारको खर्च सम्बन्धित दलले बेहोर्ने। पार्टीले नै पर्चा छाप्नेदेखि यातायात आदि सबै प्रबन्ध गर्ने। आखिर पार्टीले चन्दा वा लेभी केको लागि लिन्छ ? पार्टीको क्रियाकलाप सञ्चालन गर्नका लागि नै त हो। चुनाव पनि पार्टीगत क्रियाकलाप हो। यसो गरे कर्ण शाक्यले भने अनुसार स्नातक र युवा आउँछन् नत्र त्यही कालाबजारिया र माफियाबाहेक अरू को मतदाता सामुन्ने देखा पर्छ ? जनता विवश छ चुनावरूपी गढीमाईको मेलाबाट निराश फर्कन। मनोकामना पूरा नहुने कारण पनि यही हो।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# चिनियाँ विदेशमन्त्रीको भ्रमणबाट नेपालको समृद्धिको यात्रामा भरपर्दो साझेदारी हुने विश्वास


काठमाडौं, ९ चैत/रासस

चीनको राज्य परिषद्का सदस्य एवं विदेशमन्त्री वाङ यीको यही चैत ११ देखि १३ गतेसम्म हुने औपचारिक भ्रमणले दुई देशबीचको शताब्दीऔं पुरानो जनस्तरको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने अपेक्षा मात्र गरिएको छैन, समस्यारहित नेपाल–चीन सम्बन्ध नेपालको समृद्धिको यात्राको भरपर्दो साझेदार बन्ने अपेक्षा पनि गरिएको छ।

तीन वर्षको अन्तरालमा चिनियाँ विशिष्ट पाहुनाबाट हुन लागेको यो भ्रमणले नेपाल र चीनबीच परम्परागत मैत्री, पारस्परिक हित र चासोका विषयमा सहकार्य एवं साझेदारी थप सुदृढ तुल्याउन फलदायी हुने अपेक्षा गरिएको छ। चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेता तथा मर्यादाक्रममा उपप्रधानमन्त्रीभन्दा माथिको ओहोदामा रहेका विदेशमन्त्री वाङ पेशेवर कूटनीतिज्ञ हुन्। नेपालका पुराना मित्र उनी नेपाल र नेपालीका विकासका आकाङ्क्षाबारे जानकार पनि छन्। उनको यो भ्रमण दुई देशबीच सहकार्यात्मक सम्बन्ध नयाँ उचाइमा पुर्‍याउन उपयोगी हुने ठानिएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको नेतृत्व सम्हालेपछि चीनबाट नेपालको भ्रमण गर्ने विशिष्ट व्यक्ति विदेशमन्त्री वाङको नेपाल बसाइलाई नेपालको राष्ट्रिय हित प्रवर्द्धन तथा सहयोगको दायरा अझ विस्तृत बनाउने प्रयास हुनेछ। नेपालको राष्ट्रिय हित र विकासका आवश्यकता र प्राथमिकतालाई विश्वको उदीयमान प्रमुख शक्ति राष्ट्र चीनसँग साझेदारी र सहयोग अभिवृद्धिलाई नै सरकारले छलफलको कार्यसूची बनाएको छ।

नेपाललाई अति कम विकसित मुलुकबाट स्तरोन्नति गरी सन् २०३० सम्म मध्यम आययुक्त मुलुक बनाउने तथा दिगो विकासका लक्ष्य प्राप्त गर्ने नेपालको विकासका 'एजेन्डा'लाई टेवा दिने हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल संरचनाभित्र बन्दरगाह, सडक, रेलमार्ग, हवाई यातायात तथा सञ्चारजस्ता महत्त्वपूर्ण संरचना विस्तार गर्न चीनले अघि सारेको बहु–अर्ब डलरको विशाल पूर्वाधार विकास परियोजना 'बेल्ट एण्ड रोड इनिसिएटिभ' अन्तर्गत सहयोगका परियोजना कार्यान्वयन विषयमा केन्द्रित रहेर विदेशमन्त्री वाङ




नेतृत्वको प्रतिनिधिमण्डलसँग नेपालले गहन छलफल गर्ने परराष्ट्र मन्त्रालयका एक अधिकारीले राससलाई बताए।

बिआरआई कार्य ढाँचा सम्झौतामा नेपालले हस्ताक्षर गरेको पाँच वर्ष भइसकेको सन्दर्भमा त्यसलाई कार्यान्वयन गर्ने चिनियाँ प्रतिबद्धताको सन्देश प्रवाह गर्न विदेशमन्त्रीको भ्रमण हुन लागेको उनले बताए।

चीनले बीआरआई परियोजना कार्यान्वयन योजनालाई अन्तिम स्वीकृतिका लागि नेपालसँग प्रस्ताव गरिसकेको छ भने त्यसलाई यही भ्रमणका क्रममा टुङ्गो लगाउने नेपाल सरकारको तयारी छ।

नेपाल र चीनका विदेशमन्त्रीबीच शनिवार हुने वार्तामा नेपाली पक्षले एक दशकभन्दा लामो समयदेखि रोकिएको सिमानाको संयुक्त निरीक्षण, नेपाल र चीनबीच प्रमुख व्यापारिक नाका रसुवागढी र तातोपानी पूर्णरूपमा खोल्न, हवाई उडान पुनः सञ्चालन गर्न अनुरोध गर्नाका साथै कोभिड–१९ को महामारीका कारण एकाएक स्वदेश फर्किनुपरेका विभिन्न चिनियाँ विश्वविद्यालयमा भर्ना भएका नेपाली विद्यार्थीले भोग्नुपरेको समस्या समाधान, २०७६ असोजमा चिनियाँ राष्ट्रपति सी जीनपिङको नेपाल भ्रमण र पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीको चीन भ्रमणका क्रममा भएका विगतका सम्झौता कार्यान्वयनलगायत विषयलाई नेपालले उठाउने ती अधिकारीले बताए। चिनियाँ विदेशमन्त्रीको भ्रमणका क्रममा हुने उच्चस्तरीय बैठकको कार्यसूचीलाई अन्तिम रूप दिन नेपाल सरकारका विभिन्न मन्त्रालयबीच छलफल जारी छ।

चिनियाँ विदेशमन्त्रीको भ्रमणका बेला नेपालबाट घाँस निर्यात गर्नेसम्बन्धी समझदारीमा हस्ताक्षर हुनेछ भने प्राविधिक तथा आर्थिक सहयोग अन्तर्गत नेपाललाई थप चिनियाँ अनुदान प्राप्त हुने भएको छ। अनुदान सहयोग प्राप्ति तथा प्राविधिक तथा आर्थिक सहयोग अन्तर्गत नेपाललाई प्राप्त हुने वार्षिक सहयोगबारे परराष्ट्र र अर्थ मन्त्रालयका उच्च अधिकारीबीच छलफल पनि निष्कर्षमा पुगि नसकेको अर्थ मन्त्रालयका एक अधिकृतले राससलाई बताए। यसै वर्षदेखि चीनले वार्षिक सहयोग बढाउने आश्वासन दिएको पनि ती अधिकृतले बताए।

परराष्ट्रमन्त्री नारायण खड्काको निमन्त्रणामा हुन लागेको चिनियाँ विदेशमन्त्रीको यो भ्रमण पोहोर मङ्सिरमा त्यहाँको राज्य परिषद् सदस्य एवं रक्षामन्त्री वेइ फेङहेको नेपाल भ्रमणपछि दुई देशबीच प्रत्यक्षरूपमा उच्चस्तरीय भ्रमण र छलफल हुन सकेको थिएन। समय–समयमा हुने यस्ता भ्रमणले एकअर्कालाई बुझ्न तथा पीरमर्का सम्बोधनका साथै सम्बन्ध नवीकरणमा मदत पुग्नेछ। अरनिको र भृकुटीले जोडेको युगौं पुरानो नेपाल–चीन सम्बन्ध सन् १९५५ मा दुई मुलुकबीच कूटनीतिक सम्बन्ध कायम भएपछि निरन्तर मौलाउँदै गएको छ भने मैत्रीपूर्ण सहयोगको परम्परा र उच्चस्तरीय भ्रमण आदान–प्रदानले पारस्परिक आत्मीयता अझ बढाएको छ।

# अध्यादेश जारी भएसँगै रेल सेवा सञ्चालनको तयारी

जनकपुर, ९ चैत/रासस

रेलसम्बन्धी अध्यादेश पुनः जारी भएसँगै जयनगर–जनकपुरसम्म रेल सञ्चालनको बाटो खुलेको छ। सरकारको




सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गरेपछि रेल सेवा सञ्चालनको तयारी गरिएको हो।

यस अघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्‌बाट पारित हुन नसक्दा स्वतः निष्क्रिय भएको थियो।

संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिशमा राष्ट्रपति भण्डारीले मङ्गलवार पुनः रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए।

रेल्वे अध्यादेश जारी भइसकेकोले अबको केही दिनभित्रै रेल सेवा उद्घाटनको मिति तय हुने उनले बताए। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी भइरहेको महाप्रबन्धक झाले बताए। "अध्यादेश निष्क्रिय भएपछि रेल सेवा सञ्चालन गर्न कठिनाइ भएको थियो"–महाप्रबन्धक झाले भने–"अध्यादेश पुनः जारी भएपछि बाटो खुलेको छ।"

गत फागुन १ गतेदेखि जयनगर–जनकपुरसम्म यात्रुविहीन रेल दैनिक एकपटक सञ्चालन भइरहेकोमा अहिले एक महीनामा १५ दिनमात्र चल्न थालेको छ। "प्राविधिकरूपमा सबै तयारी भइसकेको छ, कर्मचारी नियुक्त भएर काममा खटिएका छन्"–उनले भने–"भाडादर पनि निर्धारण भइसकेको छ।" जनकपुर–कुर्था–जयनगरसम्म सामान्यतर्फ प्रतियात्रु रु ७० र वातानुकुलित सिटमा रु ३०० भाडा निर्धारण गरिएको छ।

# पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव : हल्का वर्षाको सम्भावना

काठमाडौं, ९ चैत/रासस

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा हुने सम्भावना छ।

उक्त प्रणालीको प्रभावले प्रदेश नं १, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रहने छ। केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

राति पहाडी र हिमाली भूभागमा आंशिकदेखि सामान्य बदली रहने छ भने अन्य भूभागमा मौसम सामान्यतया सफा रहने छ। विभागका अनुसार बिहीवार पहाडी र हिमाली भूभागमा आंशिकदेखि सामान्य बदली रहने छ। अन्य भूभागमा मौसम सामान्यतया सफा रहने छ।



मौसम पूर्वानुमान महाशाखाका अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १४.८ डिग्री र अधिकतम तापक्रम ३०.५ डिग्री सेल्सियस छ। आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम ४.० डिग्री र सबैभन्दा बढी धनगढीको अधिकतम तापक्रम ३४.६ डिग्री सेल्सियस छ।



# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय वीरगंजबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुलउपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**जिल्लाः पर्सा** — **शाखा कार्यालय पोखरिया**

| क्र.सं. | ऋणी (व्यक्ति)को नाम थर | ऋणीको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | ठेगाना | प्रोपराइटरको नाम | कर्जाको उद्देश्य | ग्राहक नं. | मिसिल नं. | बाँकी साँवा | २०७८ फागुनसम्मको बाँकी ब्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हनुमान मिठा उद्योग | अमर प्रसाद | जगदेव साह कानू | सम्भौता–६ | धनञ्जयकुमार साह | उद्योग सञ्चालन कर्जा | ११३२१०९ | ५५६९ | ८००,००० | ५८,५०० | ८५८,५०० |
| २ | रामानन्दप्रसाद यादव | राधा राउत अहिर | चौधुर राउत अहिर | वसन्तपुर–८ | | घरायसी कर्जा | ८१००२५ | ५३२९ | ६००,००० | ५९,००० | ६५९,००० |
| ३ | राहुल किरानापसल | जमदार राउत अहिर | निर्मल राउत अहिर | वसन्तपुर–६ | हीरालालप्रसाद यादव | व्यापार कर्जा | ८१००२४ | ५३२८ | ७००,००० | ७२,००० | ७७२,००० |
| ४ | जोखनी कुर्मिन | रामदेव राउत कुर्मी | किशुन राउत कुर्मी | बैरिया बिर्ता–३ | | घरायसी कर्जा | ८०९७३१ | ४९८१ | ३००,००० | २१,५०० | ३२१,५०० |
| ५ | किशोरी साह | बिसुन भन्ने अदालत साह | लङ्गड साह | बैरिया बिर्ता–२ | | घरायसी कर्जा | ८०९४८८ | ५६३७ | १०,००,००० | ८५,००० | १०,८५,००० |
| ६ | राजेन्द्रप्रसाद चौहान | रामप्रसाद महतो | भोला महतो | मुडली–३ | | सरल कृषि कर्जा | ८०९३४४ | ३६०३ | ५००,००० | ३८,५०० | ५३८,५०० |
| ७ | गिरधारी साह तेली | | | मुडली–५ | | व्यापार कर्जा | ८०९२१८ | १५२४ | १३५,००० | ३३,५०० | १६८,५०० |
| ८ | रामाधारप्रसाद साह तेली | सत्यनारायण साह | खेलावन साह तेली | नगरदाहा–१ | | घरायसी कर्जा | ८०९८०० | ५०७२ | २००,००० | २२,००० | २२२,००० |
| ९ | विश्वकर्मा गेटग्रिल उद्योग | पानालाल राउत कुर्मी | रामरूप राउत कुर्मी | पोखरिया–७ | पप्पु राउत पटेल | उद्योग सञ्चालन कर्जा | १८६१८५६ | ५७८२ | ९००,००० | ४८,००० | ९४८,००० |
| १० | यादव कन्स्ट्रक्शन | देवराज राउत यादव | धुरवाडी राउत | पोखरिया–८ | गोवर्धन राउत यादव | घरायसी कर्जा | ८०९२९५ | २९८७ | २१,८५,००० | १५५,००० | २३,४०,००० |
| ११ | शुभलक्ष्मी किरानापसल | जगरनाथ साह कानू | शिवधर साह कानू | पोखरिया–२ | सुभाषप्रसाद कानू | व्यापार कर्जा | १३६५४९१ | ५६७१ | १०,०६,२०५ | १६८,००० | ११,७४,२०५ |
| १२ | चन्दन एन्ड पूजन किरानापसल | चन्द्रिका महतो चाई | | फूलवरिया | गीतादेवी चाइन | व्यापार कर्जा | १७६२३३३ | ५७६४ | ६००,००० | ३४,५०० | ६३४,५०० |
| १३ | शिवसागर गल्ला भण्डार | गुदरी राउत कुर्मी | महावीर राउत कुर्मी | पकहामैनपुर–९ | मेघराज राउत कुर्मी | व्यापार कर्जा | ८०९९७२ | ५२७४ | ६००,००० | ४२,००० | ६४२,००० |
| १४ | राजरिस महतो | लेखु महतो चाई | रामनन महतो चाई | श्रीसिया–२ | | व्यापार कर्जा | ८०९५९६ | ४७८० | १०,४९,३६२ | ७२,००० | ११,२१,३६२ |
| १५ | विश्वनाथ पडित | राधा पडित कुम्हाल | नकछेद पडित | सिवर्बा–४ | | घरायसी कर्जा | १३५५९०८ | ५६५७ | ९००,००० | १४१,००० | १०,४१,००० |
| १६ | सुरजकली देवी | द्वारिका साह तेली | रामवरण साह तेली | सिवर्बा–५ | | घरायसी कर्जा | ८०९३४७ | ३६२१ | ६५०,००० | १०३,००० | ७५३,००० |
| १७ | नगिनाप्रसाद यादव | डिग्रीप्रसाद यादव | महावीरप्रसाद यादव | मिर्जापुर–३ | | व्यापार कर्जा | ८०९५५६ | ४६९५ | १९०,००० | १९,००० | २०९,००० |
| १८ | मन्सुर गल्ला भण्डार | रजाक मियाँ | सोहवत मियाँ | भिस्वा–८ | नसार मियाँ | व्यापार कर्जा | ८१०००९ | ५३१३ | ७००,००० | ६२,५०० | ७६२,५०० |
| १९ | अमित इँटा उद्योग | जगदीप्रसाद चाई | ठग महतो चाई | भिखमपुर–४ | रमेशप्रसाद चौहान | उद्योग सञ्चालन कर्जा | १२५९९२६ | ५६३९ | ९०,००,००० | ५४४,००० | ९५,४४,००० |
| २० | अहमद मियाँ धोबी | इस्माइल मियाँ धोबी | डोमा मियाँ | बिरन्चिबर्वा–४ | | सरल कृषि कर्जा | ११२१७७१ | ५४३१ | ४५०,००० | ३६,५०० | ४८६,५०० |
| २१ | रामचन्द्र राउत अहिर | वसन्त राउत | फकिर राउत | विन्ध्यवासिनी–६ | | व्यापार कर्जा | ८१०१४३ | १८०२८ | २००,००० | २५,००० | २२५,००० |
| २२ | विनोद राउत | सूर्य राउत | ठग राउत | लङ्डी–४ | | व्यापार कर्जा | ८०९९३७ | ५२३६ | १५०,००० | १८,००० | १६८,००० |
| २३ | द्वारिका राउत बिन | रामचन्द्र राउत बिन | वपि राउत बिन | कालिकामाई–१ | | सरल कृषि कर्जा | १३२१२४१ | ५७३२ | ८००,००० | ३०,००० | ८३०,००० |
| २४ | हंस राउत अहिर | बालक राउत | दरोगा राउत | तुलसीबर्वा–३ | | सरल कृषि कर्जा | ८०९९३९ | ५२३८ | ५००,००० | ३८,००० | ५३८,००० |
| २५ | अवध मिश्र | ब्रह्मदेव मिश्र | महावीर मिश्र | हरिहरपुर बिर्ता–२ | | घरायसी कर्जा | ११२२६२६ | २१९७ | ३५०,००० | ५३,००० | ४०३,००० |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# एनान्मसः रसिया–युक्रेन युद्धमा ह्याकरहरू पनि लडिरहेका छन्

युक्रेनमा रूसले आक्रमण गरेदेखि नै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई कमजोर बनाउन साइबर ह्याकरहरूको समूह एनान्मस (बेनामी)ले रूसमाथि लगातार आक्रमण गरिरहेको छ । एनान्मसको ब्यानरमा काम गरिरहेका धेरै व्यक्तिले बिबिसीसँगको कुरामा आफ्नो मनसाय र रणनीति बताए ।

रूस–युक्रेन युद्ध शुरू भएदेखि रूसी वेबसाइटहरूमा धेरै साइबर आक्रमण भएका छन्, जसमा रूसी टिभी नेटवर्क पनि समावेश छ ।

यो साइबर आक्रमण टिभीमा प्रसारण भएको एक छोटो भिडियो क्लिपमा देखिन्छ । टिभी नेटवर्कको सामान्य कार्यक्रममा खलल उत्पन्न हुन्छ र टिभी स्क्रिनमा युक्रेनमा बम विष्फोटका भिडियोहरू देखा पर्छन्। भिडियोमा सैनिकहरू युद्धको भयावहताको बारेमा कुरा गरिरहेको पनि देखिन्छ ।

एनान्मसको सोही खाताबाट फेब्रुअरी २७ मा सो भिडियो सामाजिक सञ्जालमा पोस्ट गरिएको थियो र रूसको सरकारी टिभी च्यानल ह्याक गरी युक्रेनको सत्यता देखाउन एनान्मसले प्रयोग गरेको दाबी गरिएको थियो ।

केही दिनमैं भिडियो लाखौं मानिसले हेरेका थिए । यो काममा एनान्मसको ह्याकिङ मेथडको छाप देखिन्थ्यो । नाटकीय, प्रभावशाली र सजिलै अनलाइन साझेदारी गर्न योग्य एनान्मस समूहका बाँकी ह्याकहरू जस्तै यो स्वतन्त्ररूपमा प्रमाणित गर्न गाऱ्हो छ ।

एनान्मस ह्याकरहरूको सानो समूहले दाबी गरेको छ कि उनीहरू नै ह्याकको पछाडि थिए र उनीहरूले रूसी च्यानलको १२ मिनेटको प्रसारण पनि नियन्त्रणमा लिएका थिए ।

यो भिडियो पहिलोपटक पोस्ट गर्ने व्यक्तिले भिडियो सही हो भनेर प्रमाणित गर्न सक्षम छ । एलिजा अमेरिकामा बस्छिन् र उनका बुबा रूसका हुन् । जब उनको टिभी कार्यक्रम अवरुद्ध भयो, उनले एलिजालाई फोन गरेर बताए ।

एलिजा बताउँछिन्, "जब यो भयो मेरो बुबाले मलाई फोन गर्नुभयो र भन्नुभयो, हे भगवान, उनीहरूले सत्य देखाइरहेका छन्। मैले उहाँलाई यो रेकर्ड गर्न भनें र भिडियो अनलाइन पोस्ट गरें । मेरो बुबा भन्नुहुन्छ कि उनको एकजना साथीले पनि यो सबै हेरेको थियो ।"

घटनाक्रमबारे बिबिसीले च्यानल सञ्चालन गर्ने रूसी कम्पनी रास टेलिकमसँग सम्पर्क गऱ्यो तर कुनै जवाफ आएन ।

ह्याकरहरूले युक्रेनमा सयौं निर्दोष नागरिक मारिएकाले आफूहरूले गरेको काम सही भएको तर्क गर्छन् । ह्याकरहरूले भनेका छन्, "यदि युक्रेनमा शान्ति स्थापना गर्न केही गरिएन भने



हामी रूसमाथि साइबर हमलाहरू अझ तीव्र पार्नेछौं ।"

एनान्मस भन्छन् कि उनीहरूले रूसी वेबसाइट नियन्त्रणमा लिए र रूसी सरकारको डाटा पनि प्राप्त गरे । तर साइबर सेक्युरिटीमा काम गर्ने कम्पनी रेड गोटसँग सम्बद्ध लिसा फोर्ट भन्छिन् कि धेरैजसो साइबर आक्रमण एकदमै साधारण प्रकृतिका थिए ।

ह्याकरहरूले सामान्यतया डिडिओएस आक्रमणहरू गरिरहेका हुन्छन्, जसमा वेबसाइटको सर्भर जाम हुन्छ । लिसा भन्छिन् कि यी साइबर आक्रमणहरू धेरै सजिला थिए र यसले वेबसाइटलाई छोटो समयको लागि मात्र असर गर्छ ।

उनी भन्छिन्, "तर टिभी च्यानल ह्याक गर्नु धेरै जटिल थियो र यो गर्न धेरै सजिलो थिएन। यो धेरै रचनात्मक पनि थियो ।"

एनान्मस ह्याकरहरूले धेरै रूसी वेबसाइटहरूमा पनि छेडछाड गरेका छन्। लिसा फोर्टका अनुसार यस्तो कार्य गर्न वेबसाइट पूर्ण नियन्त्रणमा लिन आवश्यक हुन्छ ।

अहिलेसम्म साइबर हमलाले काममा बाधा पुऱ्याएको छ र लाजमर्दो अवस्था सिर्जना गरेको छ तर साइबर विज्ञहरूका अनुसार रूसले युक्रेनमा हमला गरेपछि ह्याकिङ बढेको छ, जुन चिन्ताको विषय हो ।

उनीहरू यस कुरामा चिन्तित छन् कि ह्याकरहरूले अस्पतालको सञ्जाल बर्बाद नगरिदेओस् वा महत्त्वपूर्ण सञ्चार लिङ्क नतोडोस् ।

साइबर नीति जर्नलकी एमिली टेलर भन्छिन्, "हामीले यसअघि यस्तो केही देखेका थिएनौं ।" उनी भन्छिन्, "यस्ता साइबर आक्रमणका खतराहरू पनि छन्, यसले युद्धमा तनाव बढाउन सक्छ, कसैले संयोगवश सामान्य जीवनका लागि आवश्यक प्रणालीमा धेरै क्षति पुऱ्याउन सक्छ ।"

**एनान्मस को हो ?**

- ह्याकरहरूको यो समूह पहिलोपटक सन् २००३ मा वेबसाइट 4chan मार्फत सार्वजनिक भएको थियो ।
- यो समूहको कुनै नेतृत्व छैन । समूहले आफ्नोबारेमा भन्छ– हामी सङ्गठित सेना हौं र विभिन्न ठाउँबाट काम गर्छौं ।
- जो कोहीले पनि यस समूहको हिस्सा भएको दाबी गर्न र कुनै उद्देश्यका लागि ह्याकिङ गर्न सक्छ । तर सामान्यतया यो समूहले सत्ता वा शक्तिको दुरुपयोग गर्ने सरकार र संस्थाहरूलाई लक्षित गर्छ ।
- उनीहरूको प्रतीक 'गाय फाकी मास्क' हो, जुन एलन मूरको उपन्यास 'वी फर वेनडेटा'बाट प्रसिद्ध भएको थियो । यस उपन्यासमा हिंसक क्रान्तिकारीहरूले भ्रष्ट सरकारलाई सत्ताच्युत गरेका थिए । यो समूहसँग सामाजिक सञ्जालका धेरै खाता छन् र ट्विटरमा मात्र १५ मिलियनभन्दा बढी फलोअर छन् ।

एनान्मस हालका वर्षहरूमा धेरै सक्रिय थिएन ।

युक्रेनी प्रविधि व्यवसायी रोमन अब ह्याकरहरूको समूहको नेतृत्व गर्छन् । रूसले युक्रेनमा आक्रमण गर्नुअघि एनान्मससँग उनको कुनै सम्बन्ध थिएन ।

रोमन बताउँछन् कि जब उनी र उनको टोलीले केही समयको लागि रूसी समाचार सेवा तासको वेबसाइटमा पुटिनविरोधी पोस्टरहरू राखे, तब उनीहरूले यसमा एनान्मसको लोगो प्रयोग गरे ।

रोमन युक्रेनको राजधानी कीभमा रहेको छ तले भवनबाट काम गर्छन् । उनी आफ्नो टोलीसँग समन्वय गरेर काम गर्छन् । उनको टोलीले वेबसाइटहरू, एन्ड्रोइड एपहरू र टेलिग्राम बटहरू बनाउँछ र यसले युद्धमा सहयोग गरिरहेको उनीहरू विश्वास गर्छन् । उनको टोलीले रूसी वेबसाइटहरूमा आक्रमण गर्न जारी राखेका छन् ।

उनी भन्छन्, "म युक्रेनको लागि लड्न बन्दुक उठाउन तयार छु तर मलाई लाग्छ कि मेरो क्षमता कम्प्युटरको साथ प्रयोग गर्नु राम्रो हुन्छ । म यहाँ आफ्नो अपार्टमेन्टमा छु र मेरा दुईवटा ल्यापटपका साथ साइबर आक्रमणमा डटेर लागिरहेको छु ताकि प्रविधिको क्षेत्रमा यो प्रतिरोध जारी रहोस् ।"

उनले दाबी गरेका छन् कि उनको समूहले रूसमा क्षेत्रीय रेल टिकट सेवाको प्रणाली केही घण्टाको लागि अवरुद्ध गरेको थियो । तर यो दाबीको पुष्टि हुन सकेको छैन । उनले यो कार्य तबसम्मको लागि गलत होइन, जबसम्म आफू, आफ्नो परिवार र आफन्तमाथि कुनै खतरा होस् ।

पोल्यान्डको ह्याकिङ समूह स्क्वाड ३०३ ले पनि एनान्मसलाई साथ दिइरहेको छ । यस समूहको नाम दोस्रो विश्वयुद्धको बेला पोल्यान्डको प्रसिद्ध सैन्य टुकडी स्क्वाड ३०३ को नाममा राखिएको हो ।

दोस्रो विश्वयुद्धका पाइलट जान जुम्बाचको नाम प्रयोग गर्ने ह्याकर समूहले भन्यो, "हामी एनान्मससँग मिलेर काम गर्छौं र आफूहरूलाई एनान्मस समूहको हिस्सा ठान्छौं ।"

ह्याकर समूह चाहन्छन् कि आफ्नो तस्बिर कुनै लेखको साथ प्रकाशित नहोस्, तर उनीहरूसँग काम गर्ने एकजना युक्रेनी सदस्यले आफ्नो तस्बिर बिबिसीलाई पठाए, जसमा उनले हेलमेट र मास्क लगाएका छन् ।

दिनमा राइफल लिएर ब्यारिकेडमा उभिने र रातमा एनान्मससँग मिलेर ह्याकिङ गर्ने गरेको उनीहरू बताउँछन् ।

स्क्वाड ३०३ ले एउटा वेबसाइट बनाएको छ, जसको माध्यमबाट सर्वसाधारणले रूसी मोबाइल नम्बरमा सीधा सन्देश पठाएर युद्धको अवस्थाबारे जानकारी गराउन र सत्य कुरा बताउन सक्नेछन् । आफ्नो वेबसाइटबाट हालसम्म २० लाखभन्दा बढी एसएमएस र ह्वाट्सएप म्यासेज पठाइसकेको उनीहरूको दाबी छ ।

एनान्मससँग जोडिएका दुई समूहले भने कि यो युक्रेन युद्धको समयमा

(बाँकी पाँचौं पातामा)



वीरगंजको नारायणी रङ्गशालामा जारी प्रथम महिला फूटबल प्रतियोगितामा चाउचाउ र खानेपानी बिक्री गर्दै सात वर्षीया गोल्डी मेस्तर र निजकी चार वर्षीया बहिनी सागर मेस्तर । घरको आर्थिक अवस्था कमजोर भएको कारण उनीहरु फूटबल प्रतियोगितामा चाउचाउ र खानेपानी बिक्री गरिरहेका छन् । गोल्डी कक्षा २ र सागर कक्षा १ मा वीरगंज-१३ स्थित सिद्धार्थ माविमा अध्ययनरत छन् । तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### बिहान पेट सफा भएन, छन् यी घरेलु उपाय

गलत खानपान र अनियमित जीवनशैलीका कारण पेट दुख्ने, ऋचाम्प, लुज मोशन, कब्जियत जस्ता समस्या आजकल सामान्य भइसकेका छन् । पेट राम्ररी सफा नगर्दा दिनभर बेचैनी हुन्छ ।

यसका साथै ग्याँस, अपच र पाचन प्रणालीमा गडबडी हुनुका साथै शरीरमा धेरै गम्भीर समस्या हुने भएकाले पेट सफा राख्नु अति आवश्यक हुन्छ । यस्तो अवस्थामा केही घरेलु उपायहरू छन्, जसले पेट सफा मात्र गर्दैन, पाचनसम्बन्धी समस्यालाई पनि टाढा राख्छ ।



**बिहान तातो पानी पिउनुहोस्**

पेट सफा गर्न बिहान एक गिलास मनतातो पानी शौचालय जानुभन्दा १० मिनेटअगाडि पिउनुहोस् । यसबाहेक दिनमा कम्तीमा १०–१२ गिलास पानी पिउनुहोस् । यसो गर्दा पेट सफा हुन्छ र डिहाइड्रेसन हुँदैन ।

**कागतीको रस**

कागतीमा भिटामिन सी र एन्टिअक्सिडेन्ट गुण हुन्छ, जुन पेट र पाचनका लागि फाइदाजनक हुन्छ । यस्तो अवस्थामा तपाईंलाई पनि पेटसम्बन्धी समस्या छ भने एक गिलास कागती पानी अवश्य पिउनुहोस् ।

**मह**

राति सुत्नुअघि मनतातो पानीमा एक चम्चा मह मिसाएर पिउनुहोस् । यसो गर्दा बिहान पेट राम्रोसँग सफा हुन्छ । साथै, महले तपाईंलाई राम्रोसँग निद्रा लाग्छ ।

**दही र छाछ**



पेट राम्ररी सफा नहुने व्यक्तिले दही र छाछ खानुपर्छ । यसका लागि दिउँसोको खानामा एक गिलास छाछ पिउनुहोस् वा दहीमा मरिच मिसाएर खानुहोस् । यसले पेट राम्ररी सफा गर्छ ।

**सोडा पानी**

पेटसम्बन्धी समस्या हटाउन मनतातो पानीमा १/२ चम्चा सोडा मिसाएर पिउनुहोस् । यसले पेट पनि राम्रोसँग सफा गर्छ ।

**अदुवा**



पेट सफा गर्न अदुवा एक सुपर फूड हो । यसलाई हर्बल चिया वा जुस बनाएर पिउन सकिन्छ । यसका साथै बिहान एक गिलास मनतातो पानीमा अदुवाको रस र मह मिसाएर पिउँदा पनि पेट सफा हुन्छ ।



**स्याउको सिरका**

एप्पल साइडर भिनेगर एन्टिबायोटिक र एन्टिअक्सिडेन्ट गुणले भरिएको हुन्छ, जसले पेट, कोलोन र आन्द्रालाई सफा गर्न मदत गर्छ । तपाईं यसलाई पानीसँग मिश्रण गर्न सक्नुहुन्छ वा सलादमा ड्रेसिङको रूपमा प्रयोग गर्न सक्नुहुन्छ ।

### जहाँ केटीहरू केटाको पर्खाइमा छन्

यो विश्वमा एउटा यस्तो गाउँ छ, जसको बारेमा थाहा पाएपछि जो कोहीलाई पनि यो गाउँ जान मन लाग्छ । यो पहिलो यस्तो गाउँ हो, जहाँ



केटीहरू मात्रै बस्छन्, सबैले सोचिरहनुभएको होला कुन यस्तो गाउँ हो ? जहाँ केटीहरू मात्र बस्छन् । यो गाउँ ब्रजीलको एक कस्बा नोइवा डे कोरडेएरो पहाडको बीचमा अवस्थित छ ।

यो गाउँ जति सुन्दर छ, यहाँका केटीहरू त्यति नै राम्रा पनि छन्, यो थाहा पाउँदा सबैजना छक्क पर्छन् कि यस गाउँका २० देखि ३५ वर्षका हजारौं केटी बिहेको लागि केटाको पर्खाइमा छन् ।

यहाँ केटाहरूको सङ्ख्या एकदमै कम छ ।

सबैजना सोच्छन् कि यो गाउँ केटाहरू किन छैनन् त ? यो गाउँका सबै केटा कमाउन अर्को गाउँ जान्छन्, जसले गर्दा यहाँ केटीहरू मात्र छन् । यहाँका सबै केटीहरू प्रेम र विवाहको सपना सजाएर बस्छन् ।

तर ती केटीहरू विवाहको लागि मात्र आफ्नो गाउँ छोड्न चाहँदैनन् । यो गाउँ जति केटाहरू बचेका छन्, तिनीहरू सबैको विवाह भइसकेको छ । त्यसैले यहाँका केटीहरू केटाको लागि मरिहत्ते गर्छन् ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियामा दैनिक झन्डै पाँच लाख नयाँ सङ्क्रमित

सोल, ९ चैत/सिन्ह्वा

दक्षिण कोरियामा कोरोना भाइरसबाट दैनिक झन्डै पाँच लाख नयाँ सङ्क्रमित हुन थालेका छन्। सरकारी अधिकारीहरूले बुधवार दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा चार लाख ९० हजार ८८१ जना नयाँ सङ्क्रमित थपिएका छन्।


दक्षिण कोरियाको राजधानी सियोलमा कोरोना सङ्क्रमणको जाँच गराउन लामबद्ध स्थानीय। तस्वीरः सिन्ह्वा

योसँगै दक्षिण कोरियामा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड चार लाख २७ हजार २४७ पुगेको छ। कोरिया रोग नियन्त्रण तथा व्यवस्थापन निकायका अनुसार यस अघि तीन लाख ५३ हजार ९६८ नयाँ सङ्क्रमित थपिएका थिए।

कोरोना भाइरसको नयाँ भेरिएन्टका रूपमा देखिएको ओमिक्रोन भाइरसका कारण सङ्क्रमितहरूको सङ्ख्या यसरी अत्यधिक बढेको अधिकारीहरूको भनाइ छ। नयाँ सङ्क्रमितमध्ये एक लाख एक हजार १३३ जना राजधानी सोलका मात्रै रहेको अधिकारीहरूले जनाएका छन्।

सङ्क्रमितमध्ये एक हजार ८४ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। यो सङ्ख्या अघिल्लो दिनको भन्दा २० जनाले कम भएको पनि अधिकारीहरूको भनाइ छ। पछिल्लो एक दिनमा कोरोनाका कारण २९१ जनाको मृत्यु भएको छ। योसँगै कुल मृतकको सङ्ख्या १३ हजार ४३२ पुगेको छ। रासस

## अफगानिस्तानलाई सहयोग गर्न पाकिस्तानका प्रधानमन्त्रीको आग्रह

इस्लामाबाद, ९ चैत/सिन्ह्वा

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले अफगानिस्तानलाई सहयोग गर्न आग्रह गरेका छन्। उनले विश्वका इस्लामिक देशहरूलाई यस्तो आग्रह गरेका हुन्। प्रधानमन्त्री खानले विश्वका इस्लामिक देशहरूलाई हाल अफगानिस्तानले सामना गरिरहेको समस्याबारे अध्ययन गर्न आग्रह गरेका हुन्। उनले हाल अफगानिस्तानले निकै


तस्वीरः फाइल

अप्ठेरो परिस्थितिको सामना गरिरहेकोले यस्तो अवस्थामा विश्वका सबै इस्लामिक देशले सहयोग गर्नुपर्ने धारणा राखेका हुन्। अर्गनाइजेसन अफ इस्लामिक कोअपरेशन -आइसी-को विदेश मन्त्रीहरूको ४८ औं सम्मेलनलाई सम्बोधन गर्दै उनले सो धारणा राखेका हुन्।

पाकिस्तानको विदेश मन्त्रालयले दिएको जानकारी अनुसार यस सम्मेलनमा विश्वव्यापी तथा क्षेत्रीय राजनीतिक एवं अन्य मुद्दा एवं एजेन्डामा छलफल भइरहेको छ।

त्यस सम्मेलनमा पाकिस्तानका प्रधानमन्त्री खानले लामो हिंसात्मक द्वन्द्वपछि अफगानिस्तानमा अहिले नै मानवीय सहायताको खाँचो परेको र यसका लागि सहयोग गर्नु इस्लामिक देशहरूको कर्तव्य भएको बताएका थिए।

उनले अगानिस्तानमाथि लगाइएका सबै प्रतिबन्ध तथा नाकाबन्दी हटाउन र त्यहाँका नागरिकलाई परेको आवश्यकता पूरा गर्न सबै इस्लामिक देशहरू लाग्न पनि आग्रह गरेका थिए। रासस

## ताइवानमा ६.६ म्याग्निच्युडको भूकम्प

बेइजिङ/ताइपेई, ९ चैत/सिन्ह्वा

ताइवानको ताइतुङ काउन्टीमा



भूकम्पबाट क्षतिग्रसत घर। तस्वीरः एपी

बुधवार बिहान १:४१ मा ६.६ म्याग्निच्युडको भूकम्प गएको चीनको भूकम्प सञ्जाल केन्द्र (सिइएनसी) ले जनाएको छ। २० किलोमिटर गहिराइमा रहेको उक्त केन्द्रबिन्दु २३.४५ डिग्री उत्तर अक्षांश र १२१.५५ डिग्री पूर्वी देशान्तरमा अनुगमन गरिएको सिइएनसीले जनाएको छ। ताइवानको मौसम विज्ञान एजेन्सीका अनुसार बुधवार बिहान पूर्वी ताइवानमा भूकम्पको शृङ्खलाका कारण टापूभरि भूकम्पको धक्का महसूस गरिएको थियो। हालसम्म भूकम्पका कारण ताइतुङ काउन्टीमा एकजना सामान्य घाइते भएका समाचार प्राप्त भएको छ। भूकम्पका धक्काहरूका कारण विद्युत् अवरुद्ध भएको जनाइएको छ।

प्रभावित क्षेत्र र हुआलिन काउन्टीमा एउटा पुल भत्केको ताइवानका स्थानीय अग्नि नियन्त्रक अधिकारीहरूले जनाएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – कडापरिश्रम | कर्कट – कार्यनाश |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – धनखति | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

स्वच्छ परिवार,
सुखको आधार।
वीरगंज महानगरपालिका

### सच्याइएको

मिति २०७८/१२/०९ गते ३ नं पृष्ठमा **'आगामी चुनावमा काङ्ग्रेसलाई कुनै शक्ति पराजित गर्न सक्दैन'** शीर्षक समाचारमा स्वागत मन्तव्य नेका, पर्साका उपसभापति रामनारायण कुर्मीले स्वागत मन्तव्य व्यक्त गरेका थिए हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। -सम्पादक

## कोरियामा नेपाली श्रमिकको प्रवेशाज्ञा एक वर्ष थपियो, ७७ हजार नेपाली श्रमिक लाभान्वित हुने

काठमाडौं, ९ चैत/रासस

इपिएसमार्फत दक्षिण कोरिया आई श्रम गरिरहेका नेपालीसहित प्रवासी श्रमिकको प्रवेशाज्ञा अवधि एक वर्ष थप हुने भएको छ। कोरोना महामारीका कारण कोरियामा प्रवासी श्रमिक भित्र्याउन रोकिएको प्रक्रिया पुनः सुचारु भएपनि विभिन्न कारणले सहज नभएपछि यही काम गरिरहेका मजदूरको प्रवेशाज्ञा एक वर्ष थप हुने भएको हो।



तस्वीरः सौजन्य

दक्षिण कोरिया सरकारले यहाँ श्रम गरिरहेकामध्ये सन् २०२२ अप्रिल १३ देखि डिसेम्बर अन्तिमसम्ममा प्रवेशाज्ञा सकिन लागेका नेपालीसहित सम्पूर्ण प्रवासी श्रमिकको प्रवेशाज्ञा एक वर्ष थप गरेको हो। सो निर्णय अनुसार इपिएस प्रक्रियामार्फत दक्षिण कोरिया आई ई-९ प्रवेशाज्ञामा श्रम गरी प्रवेशाज्ञा सकिन लागेकाले एक वर्ष थप प्रवेशाज्ञा पाउनेछन्।

इपिएस नियम अनुसार पहिलो कार्यकालमा तीन वर्ष प्रवेशाज्ञा पाउँछन्। तीन वर्षे अवधि समाप्त भएपश्चात् कम्पनी र श्रमिकको सहमतिमा थप एक वर्ष १० महीनासहित चार वर्ष १० महीना बस्न पाउँछन्। पहिलो कार्यकाल सकेर अनिवार्य आफ्नो देश फर्किनुपर्छ। पुनः प्रतिबद्ध श्रमिकका रूपमा दोस्रो कार्यकालका लागि कोरिया आएका श्रमिकको समयावधि पनि पहिलो कार्यकालझैं हुनेछ।

हाल एक वर्ष प्रवेशाज्ञा थपिनेमा पहिलो वा दोस्रो जुनसुकै कार्यकालको भएपनि यही अप्रिल १३ देखि डिसेम्बर अन्तिमसम्ममा तीन वर्षे अवधि वा चार वर्ष १० महीना अवधि सकिन लागेका पर्छन्। अवधि सकिन लागेकालाई यहाँको इमिग्रेशनले आफैं एक वर्ष बसाइ अवधि थपिदिनेछ। जसका लागि केही दिनपछि हाइकोरिया वेबसाइट वा आफ्नो इपिएस आइडीबाट आफ्नो थपिएको अवधिबारे जानकारी लिन सकिनेछ।

दक्षिण कोरिया सरकारले यसअघि पनि गत वर्ष सन् २०२१ अप्रिलदेखि डिसेम्बरसम्म र सन् २०२२ जनवरीदेखि अप्रिल १२ सम्म प्रवेशाज्ञा अवधि सकिनेका लागि एक वर्ष प्रवेशाज्ञा थपिदिएको थियो। पहिल्यै एक वर्ष अवधि थपिनेबाट अप्रिलदेखि जून अन्तिमसम्म थप अवधिसमेत सकिनेका लागिसमेत ५० दिन थप प्रवेशाज्ञा दिने निर्णय भएको छ।

यो निर्णयले दक्षिण कोरियामा रहेका प्रवासी मजदूरमध्ये ७७ हजार ९४ जनाको एक वर्ष अवधि थपिएको छ। त्यस्तै, एक वर्ष थपिएर पनि सकिन लागेकाको हकमा थपिने ५० दिनको अवधि थप पाउनेमा पाँच हजार ६४४ जना रहेका छन्।

कोरोनाका कारण थपिएको एक वर्षे प्रवेशाज्ञा पाउनेले अघिल्लोपटकको नियमझैं यसपटक पनि कम्पनी चित्त नबुझेमा एकपटक कार्यस्थल परिवर्तन गर्न सक्नेछन्। तीन वर्षे कार्यकालमा तीनपटक र पछि थपिने एक वर्ष १० महीनाको अवधिमा दुईपटक कार्यस्थल परिवर्तन गर्न पाउने भएपनि उक्त अवधिमा कार्यस्थल परिवर्तन गर्न कम्पनी मालिकको अनुमति चाहिने प्रावधान छ तर कोरोनाका कारण एक वर्ष थप अवधिमा भने कम्पनी मालिकले रोक्न नपाउने नियम रहेको प्रवासी मजदूर सङ्घ (एमटियुक)का अध्यक्ष उदय राईले बताए।

यो निर्णयले कोरिया अझै बसेर श्रम गर्दै कमाउँछु भन्नेका लागि अवसर बन्न पुगेको छ भने नेपाललगायत अन्य देशमा रहेर सम्पूर्ण प्रक्रिया पूरा गरी कोरिया जान पर्खिरहेकामा कोरिया प्रक्रिया बिस्तारै हुन सक्ने अनुमान गरिएको छ।

## मध्यवर्ती विकास परिषद्को अध्यक्षमा अर्याल

प्रस, ठोरी, ९ चैत/

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती विकास परिषद्को अध्यक्षमा सीताराम अर्याल निर्वाचित भएका छन्।

बुधवार भएको निर्वाचनमा अर्याल निर्वाचित भएका हुन्। पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका १३ वटा मध्यवर्ती समितिका अध्यक्षहरूबाट अर्याल पाँच वर्षको लागि अध्यक्ष चुनिएका हुन्।

बारा, पर्सा र मकवानपुरमा पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका १३ वटा मध्यवर्ती समिति छन। जसमा पर्सा राष्ट्रिय निकुञ्जले आफ्नो वार्षिक आम्दानीमध्ये पचास प्रतिशत मध्यवर्ती समितिमार्फत समुदायको विकासमा लगानी गर्दै आएको छ।


तस्वीरः प्रतीक

### एनान्मसः रसिया-युक्रेन.....

गरिएको सबैभन्दा प्रभावशाली काम हो।

समूहको गैरकानूनी गतिविधिलाई कसरी सही मान्ने भन्ने प्रश्नमा जान जुम्बाच भन्छन् कि हामीले मानिसहरूको व्यक्तिगत जानकारी चोरेका छैनौं, तर रूसका नागरिकहरूलाई युद्धको बारेमा सही जानकारी दिने प्रयास गरिरहेका छौं। उनले यो पनि बताए कि केही दिनमा समूहले थप प्रभावकारी ह्याकिङ गर्ने गृहकार्य गरिरहेको छ। अर्कोतर्फ रूसका साइबर ह्याकरहरूले युक्रेनमा पनि साइबर हमला गरिरहेका छन् तर उनीहरूले यो काम थोरै मात्रामा गरिरहेका छन्।

युक्रेनमा जनवरीदेखि तीनवटा प्रमुख डिडिओएस आक्रमण भएका छन्। यसबाहेक ह्याकिङका तीनवटा गम्भीर घटना पनि भएका छन्। युक्रेनको कम्प्युटरबाट 'वाइपर' आक्रमणमार्फत डाटाहरू मेटाइएको छ।

गत साताको बुधवार युक्रेनको एक टिभी च्यानल युक्रेनिया २४ मा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीको नक्कली भिडियो पोस्ट गरिएको थियो। सो च्यानलको वेबसाइट ह्याक भएको थियो। तर अहिलेको परिवेशमा कुनै एक साइबर आक्रमणको पछाडि कसको हात हुन सक्छ भन्न गाह्रो छ।

एनान्मस समूहसँग सम्बन्धित एक प्रख्यात ह्याकर एनान२वर्ल्ड भन्छन् कि एनान्मसको कमजोरी यो हो कि जो कोहीले पनि एनान्मससँग सम्बन्धित भएको दाबी गर्न सक्छ, यसमा त्यो पक्ष पनि छ जसकोविरुद्ध हामी लडिरहेका छौं।

उनी भन्छन्, "अहिलेको लोकप्रियता बढ्दै गएपछि सरकारले प्रतिक्रिया दिने पनि पक्का छ। तर जहाँसम्म अराजकता फैलाउने कुरा छ, विशेषगरी हामी अनलाइन अराजकतामा अभ्यस्त छौं।"

**स्रोतः बिबिसी हिन्दी**

### मालपोत कार्यालय सिमरा, बाराको ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जग्गाधनी हेमबहादुर श्रेष्ठको नाममा दर्ता कायम जिल्ला बारा गाविस पिप्रा सिमरा वडा नं २ घ २ को कि.नं. ६१७ ज.वि. ०-०-१० जग्गाको नामसारी गरी पाउँ भनी अन्तकुमारी श्रेष्ठको निवेदन माग भई आएकोमा जग्गाधनी हेमबहादुर श्रेष्ठ विगत १८ वर्षदेखि बेपत्ता रहेको भनी ठोरी गाउँपालिका वडा नं ४ को च.नं. ३१३ मिति २०७८।०६।११ को किटानी सिफारिशमा देखिएको हुँदा निवेदकको मागदाबी बमोजिम नामसारीसम्बन्धी आवश्यक कारबाही गर्नुपर्ने भएकोले बेपत्ता भएको भनिएको जिल्ला पर्सा निर्मलबस्ती वडा नं ७ घर भई मीनबहादुर श्रेष्ठका नाति दिलबहादुर श्रेष्ठका छोरा जग्गाधनी हेमबहादुर श्रेष्ठको सम्बन्धमा दाबी विरोध पेश गर्नुहुन सप्रमाण सूचनाको म्यादभित्र लिखित दाबी उजुरी गर्न आउनुहोला अन्यथा म्याद समाप्त भएपछि कानून बमोजिम भई जानेछ।

# अवैध व्यापारलाई निरुत्साहित पारिन्छ –गृहमन्त्री खाँण

प्रस, वीरगंज, ९ चैत/

गृहमन्त्री बालकृष्ण खाँणले अवैध व्यापारलाई निरुत्साहित गर्दै वैध व्यापारलाई प्रोत्साहन गर्ने सरकारको प्राथमिकतामा रहेको बताएका छन् । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ता नेतृत्वको टोलीसँगको छलफलमा उनले सो कुरा बताएका हुन्। गृहमन्त्री खाँणले सङ्घका अध्यक्ष गुप्ताले वीरगंजलगायत पर्सा र बाराका औद्योगिक समस्या, सुरक्षा अवस्थाका बारेमा गराएको ध्यानाकर्षणपछि सो कुरा बताएका हुन्। उनले देशको शान्ति सुरक्षाप्रति आफू संवेदनशील रहेको बताउँदै राज्य उदारवादी अर्थतन्त्रमा प्रवेश गरेको बताए । उनले उद्योग/व्यवसाय निर्बाधरूपमा सञ्चालन हुन सके मात्र सरकारी राजस्व सङ्कलन, रोजगार सिर्जना, उद्योग/व्यवसायको संरक्षण हुनेप्रति सरकार सचेष्ट रहेको बताए । निजी क्षेत्र र प्रशासनबीच समन्वयात्मक भूमिका निर्वाह हुन सकेमा उद्योग/व्यवसाय सञ्चालनका क्रममा आउने समस्या न्यूनीकरण हुने देखिएकोले सो अनुसारको भूमिका निर्वाह गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएको बताए। उनले सीमाञ्चल क्षेत्रको शान्ति सुरक्षामा आफू गम्भीर रहेको बताउँदै आगामी दिनमा आउने व्यावहारिक एवं नीतिगत समस्याहरूलाई समाधान गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गरे ।

छलफलका क्रममा सङ्घका अध्यक्ष गुप्ताले औद्योगिक सुरक्षा बलको पुनर्स्थापना गर्न, सीमा सुरक्षा बैठकलाई निरन्तरता दिन, वीरगंजमा सञ्चालित सिसिटिभी परियोजना सञ्चालनका लागि कोषको व्यवस्थापन राज्यको तर्फबाट गरिदिन तथा उक्त परियोजनामा दक्ष जनशक्ति परिचालन गर्न, एउटा निश्चित सीमाभित्र नगद रकम ओसारपसारमा कुनै किसिमको हस्तक्षेप नगर्न, डिजिटल सेक्युरिटी विङको स्थापना गर्न, स्थानीयस्तरमा रहेका अपराधीहरूलाई कारागार स्थानान्तरण गर्न, मालवाहक सवारीसाधनको चेकजाँच सम्बन्धित निकायबाट गराउन र प्रहरी प्रशासनबाट विभिन्न बहानामा दुःख दिने कार्यलाई बन्द गर्नलगायतका सुझाव दिएका थिए।

यसैगरी, वीउवासङ्घको टोलीले आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशमान शाक्यसँग पनि छलफल गरेको छ ।

छलफलका क्रममा सङ्घका अध्यक्ष गुप्ताले मूल्यअभिवृद्धि कर नलाग्ने वस्तुहरूको स्पष्ट सूची हुनुपर्ने, मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागू गर्नुपर्ने, फिर्ता पाउनुपर्ने मूल्य अभिवृद्धि करलाई अन्य करमा मिलान गर्न पाउनुपर्ने, करदाता कानूनी उपचारको प्रक्रियामा रहँदा सो अवधिको थप ब्याज शुल्क नलिन, नन–फाइलरको समस्या समाधान गर्नुपर्ने, आय विवरण पेश हुँदा विभिन्न किसिमका लेखासम्बन्धी त्रुटि हुने भएकोले आय विवरण पेश भएको मितिले एक वर्षभित्र संशोधित आय विवरण पेश गर्न पाउनुपर्ने कानून हुनुपर्ने, राजस्व परामर्श समितिमा सङ्घको प्रतिनिधित्व हुनुपर्ने, राजस्व न्यायाधीकरण र ठूला करदाताको कार्यालय स्थापना वीरगंजमा पनि हुनुपर्नेलगायतका सुझाव दिएका थिए । अध्यक्ष गुप्ताले उद्योगले नाफाबाट वा वित्तीय संस्थाबाट लिएको ऋणको विस्तारीकरण वा विविधीकरणबापत खर्च गरिएको पूँजीगत रकमलाई लगानी प्रोत्साहनको रूपमा पाँच आर्थिक वर्षभित्र खुद आयबाट कट्टा गर्न सक्ने सुविधा भएमा औद्योगिकीकरणमा ठूलो सघाउ पुग्नुका साथै रोजगारका थप अवसर सृजना हुने बताएका थिए ।



राजस्व अनुसन्धान विभागका महानिर्देशक शाक्यले वीउवासङ्घबाट प्रस्तुत सुझाव सकारात्मक भएको बताए। उनले राजस्व अनुसन्धानसम्बन्धी नीतिगत एवं व्यावहारिक समस्यालाई समयसापेक्ष समाधान गर्दै जाने बताए । उनले वस्तु विविधीकरणका कारण कतिपय वस्तुमा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने सम्बन्धमा हाल पनि दोधार रहेको परिप्रेक्ष्यमा बहुदर प्रणाली लागू गर्नु झन् जटिल हुने भएकोले समयसापेक्ष बहुदर प्रणाली लागू गर्दै जाने बताए ।

दुवै छलफलमा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सदस्यहरू सुनीलकुमार खेतान, सुमन क्याल, नरेश टिबडेवाल, अङ्कित खेतान, राजेन्द्र गुप्तालगायतको सहभागिता थियो ।

# गर्मीका कारण पन्ध्रजना छात्रा बेहोश

प्रमोद यादव, पंचगावाँ, ९ चैत/

पर्साको पटेर्वासुगौली गाउँपालिका–४, सुगौली दापस्थित नेपाल राष्ट्रिय माविमा अध्ययनरत १५ जना छात्रा बुधवार बिहान एक्कासि बेहोश भए ।



कक्षा ७–१० मा अध्ययनरत छात्राहरू एकपछि अर्को गरी बेहोश भएका थिए। छात्राहरू एक्कासि बेहोश भएपछि विद्यालय बन्द गरिएको र छात्राहरूलाई स्थानीय स्वास्थ्य चौकी पठाइएको प्रधानाध्यापक रामाशङ्कर राउत थारूले बताए । उनले गर्मीको कारण छात्राहरू बेहोश भएको बताए। कक्षा ८ र १० मा टिनको छानो छ भने कक्षा ७ र ९ मा आरसिसी ढलान छ। तर चारवटै कक्षामा पङ्खा भने छैन । अहिले गर्मी बढेको र पङ्खा पनि नभएको तथा कक्षा कोठामा क्षमताभन्दा बढी विद्यार्थीहरू भएकाले यो घटना भएको बताइएको छ । स्वास्थ्यकर्मीहरूले पनि गर्मीको कारण पर्याप्त अक्सिजन नपाएर बालिकाहरू बेहोश भएको बताए । गापाका स्वास्थ्य शाखा प्रमुख शम्भु साहले पनि गर्मीको कारण बालिकाहरू बेहोश भएको बताए । उनले पाँचजना छात्राको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको तथा दशजनालाई वीरगंज पठाइएको बताए । उनले गर्मी बढेको, पालिकाका सामुदायिक विद्यालयहरूमा पङ्खा अभाव भएको तथा कक्षा कोठामा औसतभन्दा बढी विद्यार्थी अध्ययनरत रहेकाले चैत १० गते बिहीवारदेखि बिहानी कक्षा सञ्चालनका लागि निर्देशन दिएको बताए।



तस्वीरः प्रतीक

# लागूऔषध मुद्दामा फरार मियाँ पक्राउ

प्रस, पंचगावाँ, ९ चैत/

पटेर्वासुगौली गाउँपालिका–१ बस्ने मोलाजिम मियाँलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी रङ्गपुरटाँडीका प्रहरी सहायक निरीक्षक सरफलाल यादव नेतृत्वको टोलीले मियाँलाई स्थानीय एक होटलबाट पक्राउ गरेको हो। लागूऔषध मुद्दामा उनलाई मकवानपुर प्रहरीले फरार सूचीमा राखेको थियो । सूचनाका आधारमा मियाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

मकवानपुरमा ९० किलो गाँजा बरामद भएको घटनामा मियाँलाई अभियुक्त बनाइएको थियो र सोही बखतदेखि उनी फरार थिए ।

प्रहरीले गाँजा ओसारपोसारविरुद्ध मुद्दा लगाएको सुइँको पाएपछि मियाँ एक वर्षदेखि भारतमा बस्दै आएका थिए । स्थानीय चुनाव घोषणा भएपछि केही उम्मेदवारको आडमा उनी नेपाल आएका हुन् ।

गाँजा कारोबारी मियाँको राजनीतिमा पनि प्रभाव रहेको र स्थानीय चुनावमा उनलाई उपयोग गर्न एक पक्षले बोलाएको र अर्को पक्षले उनी आएकोबारे प्रहरीलाई सूचित गराएर पक्राउ गर्न लगाएको आशङ्का गरिएको छ ।

पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले मियाँ पक्राउ परेको र हाल जिप्रका, पर्सामा रहेको पुष्टि गरेका छन्। उनलाई लागूऔषध मुद्दा रहेको जिप्रका, मकवानपुरको जिम्मा लगाउने तयारी भइरहेको प्रउ बस्नेतले बताए ।

# जसपाको वडा बैठक सम्पन्न

प्रस, पर्सागढी, ९ चैत/

पर्सागढी नगरपालिका–४ मा जनता समाजवादी पार्टीको वडा एकाइ कमिटीको बैठक सम्पन्न भएको छ ।

बैठकको उद्घाटन गर्दै जिल्ला अध्यक्ष रामनरेश यादवले जसपाको कारण देशमा परिवर्तन आएको दाबी गरे। उनले संविधान संशोधन गराएर सङ्घीयता ल्याउनेदेखि सबैखाले समानताको अधिकार दिलाउने पार्टी जसपा भएको बताए। उनले सङ्घीयताको कारण अहिले गाउँगाउँमा विकास सम्भव भएको बताए। शिव चौधरीको अध्यक्षतामा भएको बैठकमा सचिव तबरेज अहमदले पनि जसपाको गुनगान गाउँदै अन्य पार्टीको तुलना मधेस प्रदेश र देशमा पिछडिएका वर्गको उत्थानमा जसपाको योगदान रहेको दाबी गरे । कार्यक्रममा नगर संयोजक शेख खुर्सेद, युवा नेता अशोक यादव, ओसियर मियाँ, शेख फैयाज, रामजीत साह, विसुनारायण गौरो, पन्नालाल पटेललगायतको सहभागिता थियो ।

## पर्साको कुल जनसङ्ख्या.....

हजार ७०० महिला गरी ३८ हजार ९८५ जनसङ्ख्या छ ।

पर्सागढी नगपालिकामा छ हजार ६५३ घरधुरीमा आठ हजार २०० परिवार सङ्ख्यामा २१ हजार २३ पुरुष तथा २० हजार ४५४ महिला गरी ४१ हजार ४७७ जनसङ्ख्या छ ।

पटेर्वासुगौली गापामा तीन हजार ५१ घरधुरीमा चार हजार ८५० परिवार सङ्ख्यामा १२ हजार ८३३ पुरुष र १२ हजार ६४२ महिला गरी २५ हजार ५० जनसङ्ख्या छ ।

सखुवाप्रसौनी गापामा पाँच हजार २४४ घरधुरीमा ६ हजार ३८२ परिवार सङ्ख्यामा १७ हजार ८९० पुरुष र १७ हजार ८२२ महिला गरी ३५ हजार ७१२ जनसङ्ख्या छ ।

ठोरी गापामा चार हजार ३३३ घरधुरीमा चार हजार ५४६ परिवार सङ्ख्या रहेकामा ८ हजार ३४६ पुरुष र ९ हजार १४८ महिला गरी १७ हजार ४९४ जनसङ्ख्या छ ।

पकहामैनपुर गापामा तीन हजार ४०६ घरधुरीमा तीन हजार २५ परिवार सङ्ख्या छ, जसमा १२ हजार ७३ पुरुष र १० हजार ८८४ महिला गरी २२ हजार ९५७ जनसङ्ख्या छ ।

कालिकामाई गापामा तीन हजार ९९ घरधुरीमा तीन हजार ७८ परिवार सङ्ख्या छ, जसमा १२ हजार २३२ पुरुष र ११ हजार ५०८ महिला गरी २३ हजार ७४० जनसङ्ख्या छ ।

जीराभवानी गापामा चार हजार २८० घरधुरीमा पाँच हजार २८७ परिवार सङ्ख्या रहेकामा ११ हजार २०० पुरुष र ११ हजार ४०२ महिला गरी २२ हजार ६०२ जनसङ्ख्या छ ।

विन्ध्यवासिनी गापामा तीन हजार २१० घरधुरीमा तीन हजार ८३२ परिवार सङ्ख्या रहेकामा १२ हजार ६३७ पुरुष र ११ हजार ८२९ महिला गरी २४ हजार ४६६ जनसङ्ख्या छ ।

छिपहरमाई गापामा तीन हजार ६९८ घरधुरीमा चार हजार ३१६ परिवार सङ्ख्या रहेकामा १३ हजार ७३२ पुरुष र १३ हजार १० महिला गरी २६ हजार ७४२ जनसङ्ख्या छ ।

त्यसैगरी, धोबिनी गापामा तीन हजार ६३ घरधुरीमा तीन हजार ५८५ परिवार सङ्ख्या रहेकामा ११ हजार ८०३ पुरुष र ११ हजार ४३ महिला गरी २२ हजार ८४६ जनसङ्ख्या छ ।

जगरनाथपुर गापामा चार हजार ९६० घरधुरीमा ५ हजार ८४६ परिवार सङ्ख्या छ। त्यहाँ १६ हजार ५३७ पुरुष र १६ हजार २०० महिला गरी ३२ हजार ७३७ जनसङ्ख्या रहेको कार्यालय प्रमुख ज्ञवालीले बताए ।

जनगणना २०७८ को पूर्णपाठ आउन एक वर्ष लाग्ने कार्यालय प्रमुख ज्ञवालीले जानकारी दिए ।

## मधेस प्रदेश सरकार.....

एवं छिमेकी भारतबाट मनोरञ्जन गर्न आउने पर्यटकहरूको प्रमुख रोजाइ ठोरी भएकोले सो क्षेत्रमा पर्यटकहरूको घुइँचो लाग्ने गरेकाले ठोरी क्षेत्रलाई व्यवस्थित र विकसित गर्नको लागि पर्यटकीय क्षेत्र घोषणा गर्न लागिएको उनले बताए ।

यसैगरी, पटेर्वासुगौली गाउँपालिकामा पर्ने श्री श्री १००८ बाबा दूधेश्वरनाथ महादेव भाठाधाम धार्मिक पर्यटकीय क्षेत्र भएकोले सो क्षेत्रमा वैशाख, साउन र माघ महीनामा लाग्ने मेलामा स्वदेश तथा छिमेकी देश भारतबाट लाखौं भक्तजन आउने गरेकाले सो क्षेत्रलाई व्यवस्थित र विकसित गर्नको लागि धर्मिक पर्यटकीयस्थल घोषणा गर्न लगिएको स्वकीय सचिव यादवले बताए।

भाठाधाम समितिका अध्यक्ष अलखदेवप्रसाद थारूको अध्यक्षता एवं जसपा नेपालका केन्द्रीय सदस्य मोहनलाल चौधरीको सहभागितामा पूर्वतयारीको लागि बेल्वास्थित रामजानकी मन्दिरमा बुधवार बैठक बसी मधेस प्रदेश सरकारको टोलीलाई स्वागत, कार्यक्रमको व्यवस्थापन र प्रचारप्रसार गर्ने निर्णय गरिएको छ।

बैठकमा जसपा नेपालका केन्द्रीय सदस्य जनार्दन यादव, नेता भगवान गिरी, विश्वनाथ महतो, क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव, युवा नेता शिवकुमार साह, स्थानीय किशनाथ महतो, चिरञ्जीवी महतो, कैलाश चौधरीलगायतको सहभागिता थियो ।






### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


**फागु पर्व सभ्यरूपमा मनाऔं**

- आपसी सहमतिमा उल्लासपूर्वक फागु पर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागू पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड